# शान्ति अभियान
## अभिलेख संगालो, २०६३

**प्रकाशक**

शान्ति समिति
शान्ति सचिवालय, सिंहदरवार

# भूमिका

२०५२ सालदेखि घोषित रुपमा शुरु भएको सशस्त्र द्वन्दले नेपाली जनजीवनमा र जनमानसमा दारुण दरारहरु पैदा भएका छन् । धेरै परिवार विस्थापित छन् । राज्य पक्ष, विद्रोही पक्ष र सर्वसाधारण गरि धेरै व्यक्ति मारिएका छन् । धेरै अंगभंग र घाइते भएका छन । कैयौं व्यक्तिका घर जग्गा कब्जामा परेका छन् । धेरै व्यक्ति विभिन्न रुपले आहत र पीडित हुन पुगेका छन् । मानिसहरुमा भय असुरक्षा र आशंकाको आतंक छाएको छ । समाज अशान्त छ र सिङ्गो नेपाली समाज नै घायल हुन पुगेको छ । विश्वमा नै इमान्दार, शान्ति प्रिय र अनुशासित मानिसहरुको वासस्थान भनेर कहलाएको महात्माबुद्धको देश नेपाल रक्तरञ्जीत हुन पुगेको छ । यो दुर्भाग्यपूर्ण स्थितिको अन्तका लागि अनेक पटक राज्य पक्ष र माओवादी पक्षका वीच सहमतिमा पुग्ने प्रयास भएता पनि विगत मंसीर १२ गते सात दल र माओवादी वीच सम्पन्न १२ बुँदे समझदारी पछि मात्र शान्ति प्रकृया अगाडि बढ्न सकेको छ । युद्ध विराम आचार संहिता, ८ बुँदे सहमति र हालैको संयुक्त राष्ट्र संघलाई हतियार व्यवस्थापन अनुगमनका लागि आमन्त्रण गर्ने ५ बुँदे समझदारीसम्म पुग्दा शान्ति प्रकृयाले ठोस मार्ग अवलम्बन गरेको छ ।

विगतको द्वन्दले समाजमा जुन दरार पैदा गरेको छ, जुन मनोमालिन्य र आपसी अविश्वास, आशंका र त्रासपूर्ण मानसिकता जन्माएको छ, त्यसको अन्त केवल माथिल्लो तहमा हात मिलाउँदैमा र समझदारी र सहमति अनि संझौता गर्दैमा हुन सक्तैन । नेपाली समाजमा वास्तविक शान्ति वहाली गर्न जिल्ला र गाँउस्तरमा नै हिजोका कुरा विर्साएर मेलमिलाप र सद्भाव कायम गराई शंका मेटाउनु र भयमुक्त वातावरण सिर्जना गर्नु आवश्यक छ । त्यही उद्देश्यले शान्ति परिषद्हरु देशभरि गठन हुन गैरहेछन् । नेपाल सरकारले २०६३।२।५ मा संसदमा प्रतिनिधित्व भएका सवै दलका प्रतिनिधिहरु रहेको एक शान्ति समिति गठन गरेको हो । सो समितिले शान्ति अभियानलाई अघि बढाउन यी परिषद्हरु स्थापना गरिएका हुन् ।

समाजमा द्वन्दले सिर्जना गरेका घाउहरुलाई मेटाउँदै नेपालमा राष्ट्रिय एकता र मेलमिलापको अध्याय दल माओवादी वीच सम्पन्न बाह्र बुँदे समझदारी लगायतका सहमतिहरुले शुरु गरेका छन् । नेपाली नेपाली वीच आपसी मित्रता, सद्भाव र सहानुभूति विकसित गर्दै सामान्य अवस्था कायम गर्नु शान्ति अभियानको लक्ष्य हो । समाजमा पूर्ण शान्ति कायम भएमा मात्र संविधान सभाको निर्वाचन सम्पन्न हुन सक्तछ । पूर्ण रुपले भयरहित लोकतान्त्रिक वातावरण नवनेसम्म संविधान सभाको निर्वाचन असम्भव छ । संविधान सभाको माध्यमबाट नयाँ संविधान निर्माण गरी नेपाली राज्यलाई समावेशी राज्यमा परिणत गर्ने काम कुनै जोर जवर्वस्तीबाट सम्भव छदैछैन । यसका लागि सम्पूर्ण जनताले शान्ति र लोकतन्त्रको प्रत्यक्ष अनुभूति गर्न पाउनै पर्छ । तसर्थ शान्ति बहाली प्रकृयालाई मेलमिलाप अभियानको रुपमा अगाडि बढाएर पीडित वर्गलाई राहत पुऱ्याउनु र हिजोका अप्रिय प्रसङ्गहरुलाई विर्साएर समाजमा पारस्परिक विश्वास, सहयोग र नयाँ प्रेमभाव विकसित गराउनु शान्ति परिषद्हरुको मूल कर्तव्य हुनेछ । परिषद्हरुले घटना घटित भएका ठाउँ र परिवारहरुसम्मै पुगेर सम्बन्धित व्यक्तिहरुलाई पूर्ववत स्थापित गराउने र मेलजोल कायम गराउने कार्यहरु समेत गर्ने छन् । द्वन्दबाट गुज्रेका समाजहरुका लागि घटित घटनाको 'सत्य निरुपण' गरी जो भयो भै गयो अव यस्तो नहोस् भनेर अप्रिय अध्यायलाई विर्साउने र टुंग्याउने (जसलाई ट्रुस कमिसन भनिन्छ) प्रकृया अवलम्बन गर्नु वाहेक अव हाम्रा अगाडि अरु विकल्प छैनन् । शान्ति परिषद्ले यही सिद्धान्तमा आधारित भएर कार्य गर्नेछन् ।

समाजमा वास्तविक शान्ति बहाली गराउन र लोकतन्त्रको बाटोमा अगाडि बढ्न सर्वप्रथम द्वन्दको मारमा परेका दुवै पक्षका सवैथरि मासिलाई सहज अवस्थामा ल्याउने र सामान्य जीवन उपलब्ध गराउने कार्य तुरुन्तै गरि हाल्नु नितान्त जरुरी छ । गाउँ समाजमा खलबलिएको स्थितिलाई सामान्य अवस्थामा ल्याउनै पर्छ । बिग्रेभत्केका संरचनालाई पुनर्निर्माण गर्नै पर्छ र व्दन्दका सबै खतहरु मेटनु पर्छ । शान्ति बहालीको अभियान पुनर्स्थापना र पुनर्निर्माणको अभियान सँगै अगाडि बढ्छ । त्यसका साथै पीडित वर्गलाई राहतका प्याकेजहरु लागू हुन्छन् । यो सवै कार्यमा नेतृत्व प्रदान गर्ने, संयोजन गर्ने र अनुगमन गर्ने कार्य समेत शान्ति परिषद्हरुले गर्नु पर्नेछ । आज तमाम नेपालीले शान्ति मागेका छन्, रुमान्तरणको प्रकृयाले शान्ति मागेको छ, विकास प्रकृयाले शान्ति मागेको छ, पर्यटन लगायतका सवै उद्योगले शान्ति मागेका छन्, शिक्षण संस्था र तमाम बन्द व्यापार लगायत सम्पूर्ण राष्ट्रिय जीवनले अनि नेपालको उन्नति र प्रगति सँगै नेपाली जनताको स्वतन्त्रता, न्याय र ऐक्यबद्धताको आकाँक्षाले शान्ति मागेको छ । यस आम मागको पूर्ति गर्न देशभर गाउँघर सर्वत्र शान्ति परिषद्हरु सकृय रहनेछन् भन्ने ठूलो विश्वास शान्ति समितिले लिएको छ ।

रामचन्द्र पौडेल
संयोजक
शान्ति समिति

# विषय सूची


| विषय | | पृष्ठ |
|---|---|---|
| भूमिका | | |
| १. | स्थानिय शान्ति परिषद् कार्यविधि, २०६३ | ४ |
| २. | सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको बाह्र बुंदे समझदारीपत्र | ७ |
| ३. | सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको दोश्रो समझदारीपत्र | ९ |
| ४. | बैशाख ११, २०६३ को राजाको घोषणा | १० |
| ५. | प्रतिनिधि सभाको घोषणा, २०६३ | ११ |
| ६. | युद्धविराम आचारसंहिता, २०६३ | १४ |
| ७. | युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति | १७ |
| ८. | वार्ता पर्यवेक्षण र अन्तरिम संविधान मस्यौदा समिति | २१ |
| ९. | सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का शिर्षनेताहरु बीच भएको आठ बुंदे समझदारी पत्रको प्रेस वक्तव्य | २५ |
| १०. | संयुक्त राष्ट्र संघ समक्ष नेपाल सरकारव्दारा प्रेषित पांच बुंदे पत्र | २७ |
| ११. | संयुक्त राष्ट्र संघ समक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी)व्दारा प्रेषित पांच बुंदे पत्र | २८ |
| १२. | सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का शिर्षनेताहरुको दोश्रो शिखर बैठकमा भएको सहमतिको प्रेस वक्तव्यहरु | २९ |


परिशिष्टहरु


| | | |
|---|---|---|
| १. | शान्ति समितिको कार्यक्षेत्र र बैठकको कार्यविधि | ३० |
| २ | शान्ति समितिका पदाधिकारीहरुको सम्पर्क | ३२ |
| ३. | संस्थागत सम्पर्क | ३२ |
| ४. | सचिवालय सम्पर्क | ३२ |

# a'¢sf] b]z zflGtsf] af6f], /utn] glehf+p b]zsf] df6f]

# स्थानीय शान्ति परिषद् कार्यविधि, २०६३

*[शान्ति समितिले मुलुकमा दिगो शान्ति बहाली गर्ने उद्धेष्यले स्थानीय शान्ति परिषद्हरु गठन गर्ने प्रयोजनका लागि "स्थानीय शान्ति परिषद् र सोसम्बन्धी कार्यविधि-२०६३" को मस्यौदा तयार गरी स्वीकृतिका लागि नेपाल सरकारमा पृस्तुत गरेकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६३ श्रावण १५ को निर्णयबाट सो कार्यविधि स्वीकृत भएको छ। स्वीकृति प्राप्त कार्यविधिको अक्षरस पाठ देहाय बमोजिम रहेको छ।]*

## स्थानीय शान्ति परिषद् र सो सम्बन्धी कार्यविधि,२०६३

राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई युगान्तकारी जनआन्दोलन-२०६३ र प्रतिनिधिसभाको ज्येष्ठ ४, २०६३ को घोषणाले सम्पूर्ण राज्यसत्ता नेपाली जनतामा अन्तर्निहित भएको तथ्यलाई पुनर्स्थापित गरेकोले,

राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच विगतमा भएको १२ बुँदे सहमति, २०६३ साल ज्येष्ठ १२ गते भएको २५ बुँदे आचार संहिता र ८ बुंदे सहमति बमोजिम मुलुकमा दीगो शान्ति स्थापना गर्ने भावना, आदर्श र मर्मलाई व्यवहारमा उतार्न र शान्ति प्रक्रियालाई सुदृढ गर्दै लैजान बाञ्छनीय भएकोले,

सवै पक्षको सहभागिता सहित स्थानीय तहमा पूर्ण लोकतान्त्रिक वातावरण निर्माण गर्न आवश्यक भएकोले देहाय बमोजिमको "स्थानीय शान्ति परिषद् र सो सम्बन्धी कार्यविधि-२०६३" लागू गरिएको छ।

### १. नाम, परिभाषा र प्रारम्भ

१.१ "स्थानीय शान्ति परिषद्" भन्नाले जिल्ला तहमा गठन गरिने शान्ति परिषदहरुलाई जनाउँछ र आवश्यकतानुसार स्थानीय तहहरुमा शान्ति कायम गराउन गठन गरिने शान्ति परिषद्हरुलाई समेत जनाउँछ।

१.२ यो कार्यविधिको नाम "स्थानीय शान्ति परिषद् र सोसम्बन्धी कार्यविधि-२०६३" रहेको छ।

१.३ स्थानीय शान्ति परिषद्लाई छोटकरीमा 'परिषद्' भनिने छ।

१.४ यो कार्यविधि तुरुन्त लागू हुनेछ।

### २. उद्देश्य

२.१ शान्ति प्रक्रियालाई स्थानीय तहबाट नै संस्थागत गर्दै लैजाने।

२.२ द्वन्द्वपीडितहरुका बीच सद्भाव र मेलमिलाप कायम गराई दिगो शान्ति बहाली गराउने।

२.३ शान्ति प्रक्रियामा सम्पूर्ण पक्षको सहभागितामा दिगो शान्ति बहाली गराई द्वन्द्वबाट विस्थापितहरुलाई राहत, सम्पत्ति फिर्ता, पुनस्थापना र ध्वस्त संरचनाहरुको पुनःर्निमाण कार्य गराउन उत्प्रेरित गर्ने।

२.४ मुलुकमा जारी द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणका लागि संस्थागत योगदान पुऱ्याउने।

२.५ शान्तिपूर्ण लोकतान्त्रिक राजनीतिक वातावरण निर्माण गर्न जनमत तयार गर्ने।

### ३. परिषद्को गठन

३.१. जिल्लामा एक जिल्लास्तरीय शान्ति परिषद् गठन गरिनेछ।

३.२. परिषद्को गठन जिल्लास्तरीय सर्वदलीय संयन्त्रको अग्रसरतामा गरिनेछ।

३.३. स्थानीय शान्ति परिषद् सरकारमा रहेका सात राजनीतिक दल, संसद्मा प्रतिनिधित्व रहेका अन्य दल, महिला, व्यावसायिक संघ-संगठन, नागरिक समाज, सामाजिक संस्था, आदिवासी, जनजाती, दलित, मधेसी, अपाङ्ग र द्वन्द्व-पीडित समेतको यथाशक्य प्रतिनिधित्व हुने गरी समावेशी प्रकृतिको हुनेछ। साथै, सहमतिका आधारमा ने.क.पा. (माओवादी) का प्रतिनिधि समेत समावेश गरिनेछन्।

३.४. परिषद्को काम कारवाहीमा स्थानीय प्रशासनले आवश्यक सहयोग पुऱ्याउनेछ।

३.५. परिषद्मा संयोजकसहित १५ देखि २१ सद्स्यहरु सम्म रहनेछन् ।

३.६. परिषद्का सद्स्यहरुले आफू मध्येबाट परिषद्को संयोजक चयन गर्नेछन् ।

३.७. तोकिएका प्रतिनिधि उपस्थित हुन नसक्ने अवस्थामा दलहरुले अर्का प्रतिनिधि पठाउन सक्नेछन् ।

## ४. परिषद्को काम, कर्तव्य र अधिकार

४.१. समाजमा समझदारी र मेलमिलापको वातावरण सृजना गरी शान्ति संस्कृतिको विकास गर्ने ।

४.२. स्थानीयस्तरमा उठेका राजनीतिक, सामाजिक, सांस्कृतिक लगायतका विवादको शान्तिपूर्ण सह-अस्तित्व एवं मेलमिलापको नीतिअनुसार निरुपण गर्ने ।

४.३. शान्ति वार्ता, संविधान सभाको निर्वाचन, पुनःनिर्माणका कार्यहरुलाई सफल पार्न आवश्यक सहयोग गर्ने ।

४.४. आ-आफ्नो क्षेत्रमा उत्पन्न कुनै विवादलाई फैलिन नदिन प्रयत्न गर्ने ।

४.५. शान्ति र लोकतन्त्रको पक्षमा जनमत सृजना गर्न प्रचार-प्रसार गर्ने ।

४.६. मानव अधिकार एवं मौलिक हकको निर्वाध उपभोग गर्नसक्ने वातावरण सृजना गर्न सहयोग पुऱ्याउने ।

४.७. द्वन्द्वपीडित एवं द्वन्द्वबाट विस्थापितहरुलाई आफ्नो यथास्थानमा पुनःस्थापना गराउने र कब्जा गरिएको सम्पत्ति फिर्ता गराउन आवश्यक पहल गर्ने ।

४.८. नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको २५ बुँदे युद्धविराम आचारसंहिताको कार्यान्वयन पक्षको स्थानीय तहमा अनुगमन गर्ने । त्यस्तो अनुगमनमा देखिएका समस्याहरुको स्थानीय तहमा नै समाधान खोज्ने । अनुगमनका क्रममा देखिएका गम्भीर विषयलाई शान्ति समितिको जानकारीमा ल्याउने ।

## ५. कार्य प्रक्रिया

५.१. परिषद्हरुले आफूलाई निर्दिष्ट कार्य सम्पादन गर्दा आपसी सह-अस्तित्व, सद्भाव, समझदारी, समाजको भावनात्मक एकीकरण जस्ता पक्षहरुलाई आदर्श मानेर कार्य गर्नेछन् ।

५.२. परिषद्ले कार्यविधिका रुपमा सर्वपक्षीय एवं सहभागितायुक्त छलफल, संवाद जस्ता उपायहरुलाई अपनाउनेछन् ।

## ६. बैठकको कार्यविधि

६.१. परिषद्को बैठक सामान्यतया १५ (पन्ध्र) दिनमा एक पटक बस्नेछ । तर आवश्यकतानुसार बढी पटक पनि बस्न सक्नेछ ।

६.२. परिषदको बैठक परिषदको संयोजकले बोलाउनेछन् ।

६.३. परिषद्को बैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछन् ।

## ७. जानकारी गराउने

७.१. परिषद्ले आफ्नो निर्णयको जानकारी सम्वन्धित दलहरु, शान्ति समिति र शान्ति सचिवालयलाई गराउने छ । साथै, आवश्यकता अनुसार त्यस्तो जानकारी स्थानिय प्रशासनलाई पनि दिइनेछ ।

७.२. आचारसहिता उल्लंघनको कुनै गम्भीर घटना घटेको पाइएमा परिषद्ले त्यस्तो जानकारी तुरुन्त शान्ति सचिवालयमार्फत शान्ति समितिलाई गराउनेछ । साथै, त्यस्तो जानकारी शान्ति सचिवालय मार्फत युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिलाई गराउनेछ ।

## ८. कार्यालय व्यवस्थापन

८.१. परिषद्को कार्यालय संचालनका लागि कार्यालय सचिवको काम गर्न रा.प.अनंकित प्रथम श्रेणी स्तरको एक जना र पियन एक जना कर्मचारी स्थानीय प्रशासनले व्यवस्था मिलाउनेछ ।

८.२. परिषद्को कार्यालयमा काजमा खटिने कर्मचारीलाई शुरु तलव स्केलको पचास प्रतिशत भत्ता दिइनेछ । त्यस्तो रकम शान्ति सचिवालयले बजेटमा व्यवस्था गरी निकासा दिनेछ ।

८.३. कार्यालय संचालन, स्टेशनरी, मसलन्द वापत शान्ति सचिवालयले हरेक परिषदलाई मासिक एकमुष्ट रु. ५,०००। (पांचहजार) निकासा गर्नेछ ।

८.४.कार्यालयको व्यवस्था स्थानीय प्रशासनले सम्बन्धित जिल्लाको जिल्ला विकास समितिको कार्यालय वा अन्य सरकारी कार्यालय वा सार्वजनिक भवन परिसर भित्रै गर्नेछ ।

**९. स्थानीय प्रशासनको भूमिका**

९.१ परिषदको गठन, संबर्ध्दन तथा लिईएका निर्णयको कार्यान्वयनमा स्थानीय प्रशासनले आवश्यक समन्वय तथा सहयोग पुऱ्याउनु पर्नेछ ।

९.१ परिषद्को काम कारवाहीमा स्थानीय प्रशासनले कुनै हस्तक्षेप गर्ने छैन ।

**१०. शान्ति समितिसंग सम्बन्ध**

परिषद्लाई शान्ति समितिले आवश्यक ठानेको विषयमा निर्देशन दिन सक्नेछ । त्यसरी दिएको निर्देशनलाई परिषद्ले परिपालना गर्नु पर्नेछ ।

**११. युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समितिसंग सम्बन्ध**

९.१. परिषद् र युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिले एक अर्काको काममा सहयोग पुऱ्याउनेछन् । यस क्रममा परिषद्ले अनुगमन समितिसंग समन्वय गरी कार्य गर्नेछ ।

९.२. परिषद र राष्ट्रिय अनुगमन समितिले एक आपसमा आवश्यक सूचना आदान-प्रदान गरेर सहयोग पुऱ्याउनेछन् ।

**१२. परिषद्को स्वायत्तता**

९.३. परिषद् आंफूलाई निर्दिष्ट कार्यक्षेत्रमा कार्यसम्पादन गर्न स्वतन्त्र रहनेछ ।

९.४. शान्ति सचिवालयले यसको सम्पर्क निकायका रुपमा कार्य गर्नेछ ।

**१३. भङ्ग**

शान्ति समितिको सिफारिसमा नेपाल सरकारले कुनै पनि परिषद् भङ्ग गर्न सक्नेछ ।

**१४. विविध**

परिषदको कार्यक्षमता एवं प्रभावकारिता अभिवृद्धिका लागि शान्ति सचिवालयले आवश्यक परेमा दातृ निकायसमेतको सहयोग लिई परिषद्को सुदृढीकरण कार्यक्रम संचालन गर्न सक्नेछ ।

# zflGt lagf ljsf; ;Dej 5}g,
# To;}n] ;a} ldnL zflGt sfod u/f}+

# सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको बाह्र बुंदे समझदारीपत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्र (Domocracy) बीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरुको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसदभित्रका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं ।

**समझदारी भएका बुँदाहरु**

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निमित प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं । निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ । त्यसैले निरंकुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरुले निरंकुश राजन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने सझदारी भएको छ ।

२. आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा सम्बाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिवद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

४. प्रतिश्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.(माओवादी) ले आफ्नो प्रतिवद्धता प्रष्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरु अघि बढाउने प्रतिवद्धता व्यक्त गरेको छ ।

५. ने.क.पा. (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरुको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरुलाई निर्वाध ढङ्गले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती कमजोरीहरुको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा. (माओवादी) ले प्रतिवद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अव त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त भएको छ ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्य मान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिवद्धता गरिएको छ ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आव्हान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरु नै राष्ट्रियताका वास्तविक पहरेदार हुन । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरु पूर्णरुपले प्रतिवद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसंग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरु खासगरी भारत र चीनसंग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरुले मण्डले राष्ट्रबादको हौवा खडा गर्ने र राजनीतिक दलहरुको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरु र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथदिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ-संगठनहरु सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजिवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक आव्हान गर्दछौं ।

१२. विगतमा दलहरुबीच भएका अनुपयुक्त व्यवहारको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानविनको माग गरेका घटनाहरुको सम्बन्धमा छानविन गर्ने र दोषी पाइएमा दोषीलाई कारवाही गरी सार्वजनिक रुपमा जानकारी गराउने साझा प्रतिवद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरुबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्बादको माध्यमबाट समस्याहरुको समाधान गर्ने समझदारी भएको छ ।

मिति : २०६२ मंसिर ७ गते

**समग्र नेपालीको चाहना, शीघ्र शान्ति बहालीको कामना**

# सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच भएको दोश्रो समझदारीपत्र

नेपालमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच गत २०६२ मंसिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन र राष्ट्रिय स्वाधिनताका ऐतिहासिक १२ बुँदे समझदारी कायम भएको कुरा सर्वविदितै छ । सो १२ बुँदे समझदारीपछि देशमा तीब्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणाम स्वरुप निरंकुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्णरुपले असफल भएबाट सो समझदारी आम जनसमुदायबाट अनुमोदित भैसकेको कुरामा कुनै शंका रहन्न । साथै सो समझदारीप्रति अन्तर्राष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ । यो स्थितिमा यो समझदारीको सबै पक्षबाट दृढतापूर्वक कार्यान्वयन गर्नका निम्ति पुनः दृढ प्रतिवद्धता व्यक्त गर्दछौं ।

यहाँ हामी पुनः स्मरण गराउन चाहन्छौं कि "आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापना गर्न र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।"

उक्त प्रक्रियागत आधारमा हुने संविधान सभाको निर्वाचन मार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्णरुपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नको निमित्त चालु शान्तिपूर्ण आन्दोलनको कार्यक्रमहरुमा सक्रिय रुपले सहभागी भएर सफल पार्न हामी सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरु, नागरिक समाज, पेशागत समूह, जनवर्गीय संगठनहरु, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरु र आम जनसमुदायमा हार्दिक अपील गर्दछौं ।

त्यसरी नै नेपालमा निरंकुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा शान्ति बहाली गर्ने राजनीतिक दलहरुको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपील गर्दछौं ।

| | | |
|---|---|---|
| ............................ | ......................... | ........................... |
| (गिरिजाप्रसाद कोइराला) | (अमृतकुमार बोहरा) | (शेरबहादुर देउवा) |
| सभापति | का.वा. सभापति | सभापति |
| नेपाली कांग्रेस | ने.क.पा. (एमाले) | नेपाली कांग्रेस (प्रजातान्त्रिक) |

| | | |
|---|---|---|
| ........................ | ............................... | ............................. |
| (लिलामणि पोखरेल) | (नारायणमान विजुक्छे) | (राजेन्द्र महतो) |
| उपाध्यक्ष | अध्यक्ष | महामन्त्री |
| जनमोर्चा नेपाल | नेपाल मजदूर किसान पार्टी | नेपाल सद्भावना पार्टी |

........................
(नन्दकुमार प्रसाई)
अध्यक्ष
संयुक्त बाममोर्चा

# बैशाख ११, २०६३ को राजाको घोषणा

प्यारा देशबासीहरु,

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरुको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधि सभालाई यसै घोषणामार्फत पुनस्थापित गरिबक्सेका छौं । बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवम् समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरुलाई आह्वान गर्दछौं । पुनस्थापित प्रतिनिधि सभाको बैठक २०६३ साल बैशाख १५ गते शुक्रबार दिनको १ बजे संसद्भवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेका छौं ।

नेपाल र नेपालीको बृहत्तर हित यो संसद्बाट हुनेछ भन्ने हामीलाई विश्वास छ ।

जनआन्दोलनमा जीवन गुमाएकाप्रति समवेदना र घाइते एवम् आहत भएका सबैप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन ।

जय नेपाल

# प्रतिनिधि सभाको घोषणा, २०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिता प्रति उच्च सम्मान गर्दै,

स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल-नेकपा(माओवादी) बीचको बाह्रबुँदे समझदारी अनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनर्संरचना सहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने संकल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

"राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत् अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याहरुको समाधान गर्न" २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिहरुलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिहरुलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरु प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ, र राज्यशक्ति यही प्रतिनिधिसभा मार्फत् प्रयोग हुने भएकोले देहायको घोषणा गर्दछ :-

**१. व्यवस्थापिकाका सम्बन्धमा**

१.१ नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ । कानून निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ ।

१.२ संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकता अनुसार निर्धारण गर्नेछ ।

१.३ प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहाय बमोजिम हुनेछ -

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिशमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रनिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ ।

१.४ प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ ।

२. **कार्यकारिणीका सम्बन्धमा**

२.१ नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ । “श्री ५ को सरकार” लाई अब उप्रान्त “नेपाल सरकार” भनिनेछ ।

२.२ प्रतिनिधिसभा सदस्य नरहेका व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन् ।

२.३ मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ । मन्त्रिपरिषद् र मन्त्रीहरु सामूहिक रुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन् । प्रशासन, सेना, प्रहरी लगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन् ।

२.४ सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ ।

३. **सेनाका सम्बन्धमा**

३.१ “शाही नेपाली सेना” को नाम परिवर्तन गरी “नेपाली सेना” रहनेछ ।

३.२ राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

३.३ नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

३.४ सेनाको परमाधिपति सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ ।

३.५ सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।

४. **राजपरिषद्का सम्बन्धमा**

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरे बमोजिम हुनेछ ।

५. **राजदरवार सम्बन्धमा**

५.१ राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

५.२ श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ ।

५.३ श्री ५ को निजी सम्पत्ति र आयमाथि कानून बमोजिम कर लाग्नेछ ।

५.४ श्री ५ बाट भए गरेका कामहरुका वारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइने छ ।

५.६ राजदरवारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरे बमोजिम हुनेछ ।

६. **मुलकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिने छ ।**

७. **प्रचलनमा रहेको “राष्ट्रिय गान” लाई बैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।**

८. **नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।**

९. **विविध**

(क) राज्यका सवै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्भ्fी यस प्रति निष्ठावान रही सवैले आ-आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधिसभाबाट तोकिएको ढांचामा तोकिएको शपथ लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासंग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनैपनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ङ) उपरोक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहने छ ।

# युद्धविराम आचारसंहिता, २०६३

*[नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३।२।१२ मा गोकर्णमा सहमती भई दुईपक्षीय सहमति व्दारा लागु गरिएको युद्धविराम आचार-संहिता देहाय बमोजिम रहेको छ।]*

**प्रस्तावना**

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै;

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवं ने.क.पा. माओवादीबीच भएको १२ बुँदे समझदारीलाई पूर्णरुपले पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै;

प्रतिस्पर्धात्मक वहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै;

नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभाव विना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र ने.क.पा.माओवादीवीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरुप देहायको आचार संहिता जारी गरिएको छ :

**भयमुक्त नागरिक जीवनको सुनिश्चितता**

1= एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।

2= दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

3= एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन विछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ति नगर्ने तथा सुराकी नगर्ने ।

4= शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।

5= हात हतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकता अनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

**जनतामा विश्वासको वातावरण निर्माण**

6= सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्व्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने ।

7= राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरुले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको वाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दवाव नदिने ।

**जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा**

8= युद्ध विराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरु नगर्ने । तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरु गर्न सकिने ।

9= जनताका आधारभूत सेवा र सुविधा निर्वाधरुपले संचालन हुन दिने ।

10= जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडी बढाउने कुरामा कुनै वाधा व्यवधान नपुऱ्याउने ।

11= खाद्यान्न, औषधि, विकास निर्माणका सामग्रीहरु तथा दैनिक उपभोगका वस्तुहरु ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने ।

**शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरुको सुसञ्चालन**

12= विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरु तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरुपले संचालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

**सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग**

13= युद्धविराम, आचार संहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

14= संचार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

**बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने**

15= कसैको इच्छा विपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

**रिहाई र पुनर्स्थापन**

16= विभिन्न व्यक्तिहरुमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरुलाई रिहाई गर्दै जाने ।

17= वेपत्ता नागरिकहरुको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

18= विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने ।

19= द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र

उपभोग गर्न  दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

**वार्ता सहजीकरण**

20= वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरुको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने ।

**अनुगमन**

21= दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

**विविध**

22= आचार संहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको सामाधान गरिने ।

23= प्रस्तावनाको भावना अनुरुप यो आचार संहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

24= यो आचार संहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

25= आचार संहितामा हस्ताक्षर भएपछि यो आचार संहिता सार्वजनिक गर्ने ।

| | |
|---|---|
| नेकपा(माओवादी)का तर्फबाट | नेपाल सरकारका तर्फबाट |
| नाम : कृष्णबहादुर महरा | नाम :कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।२।१२ | मिति : २०६३।२।१२ |

# युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिती

*[नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच कोपुण्डोलको एक होटलमा मिती २०६३ आषाढ १ गते दोश्रो चरणको वार्ता सफलतापूर्वक सम्पन्न भएको थियो । यस वार्ताले नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच मिती २०६३ जेठ १२ गते सम्पन्न सहमति बमोजिमको युद्धविराम आचारसंहिताको कार्यान्वयनको लागि युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितीको गठन र शान्ति वार्ताको पर्यवेक्षण गर्न पर्यवेक्षक टोलीको गठन गरेको थियो । सो सहमति पत्रको पाठ देहाय बमोजिम रहेको छ ।]*

## नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच कोपुण्डोलमा सम्पन्न सहमति

नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच मिति २०६३ साल असार १ गते सम्पन्न दोश्रो वार्तामा निम्न लिखित निर्णय भएको छ :-

१. सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरुको सहभागितामा नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच यथाशीघ्र वार्ताको आयोजना गरिनेछ ।

२. सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको १२ बुँदे समझदारी र नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच मिति २०६३।२।१२ मा भएको युद्धविराम आचार संहिताको कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समिति गठन गरिएको छ -

| | | |
|---|---|---|
| १. | संयोजक | डा. बीरेन्द्र मिश्र♣ |
| २. | सदस्य | डा.अर्जुन कार्की |
| ३. | सदस्य | डा.ओम गुरुङ्ग |
| ४. | सदस्य | प्रा. कपिल श्रेष्ठ |
| ५. | सदस्य | डा.के.वि. रोकाया |
| ६. | सदस्य | केशव भट्टराई |
| ७. | सदस्य | कृष्ण पहाडी |
| ८. | सदस्य | गौरी प्रधान |
| ९. | सदस्य | चण्डिराज ढकाल |
| १०. | सदस्य | चरण प्रसाई |
| ११. | सदस्य | तारानाथ दाहाल |
| १२. | सदस्य | निलाम्बर आचार्य |
| १३. | सदस्य | पदमलाल वि.क. |
| १४. | सदस्य | प्रा. डा. भूपति ढकाल |
| १५. | सदस्य | मल्ल के. सुन्दर |
| १६. | सदस्य | डा.महेश मास्के |
| १७. | सदस्य | माधव वास्कोटा |
| १८. | सदस्य | रमन श्रेष्ठ |

♣ यस अघि मिति २०६३।३।१ मा डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा उपरोक्त समिति गठन गरिएकोमा नेपाल सरकार वार्ता टोली तथा ने.क.पा. माओवादी वार्ता टोलीबीच भएको मिति २०६३।३।१२ को सहमति अनुसार डा. बीरेन्द्र मिश्रलाई संयोजक तोकिएको छ । यस समितिमा मनोनित ६ जना सदस्यहरुले सहभागिता जनाउनु भएको छैन ।

| | |
|---|---|
| १९. सदस्य | डा.राममान श्रेष्ठ |
| २०. सदस्य | वाङ्छे शेर्पा |
| २१. सदस्य | विष्णु निष्ठुरी |
| २२. सदस्य | विष्णु पुकार श्रेष्ठ |
| २३. सदस्य | शान्ता श्रेष्ठ |
| २४. सदस्य | श्याम श्रेष्ठ |
| २५. सदस्य | शिव गाउँले |
| २६. सदस्य | शुशिल प्याकुरेल |
| २७. सदस्य | ई.सरोज देवकोटा |
| २८. सदस्य | डा. सुधा शर्मा |
| २९. सदस्य | सुवोध प्याकुरेल |
| ३०. सदस्य | सुशिलचन्द्र अमात्य |

३. युद्धविराम आचार संहिताको अनुगमन गर्न गठित राष्ट्रिय अनुगमन समितिलाई मानव अधिकार सम्वद्ध विषयहरुको अनुगमनमा सहयोग पुऱ्याउन तथा मानव अधिकारको अनुगमन गर्न संयुक्त राष्ट्र संघीय मानवाधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयलाई अनुरोध गर्ने ।

४. सरकार माओवादीबीच सम्पन्न हुने वार्तामा निम्न महानुभावहरु पर्यवेक्षकको रुपमा रहनु हुनेछ -

१. लक्ष्मण प्रसाद अर्याल

२. देवेन्द्रराज पाण्डे

३. पद्मरत्न तुलाधर

४. दमननाथ ढुङ्गाना

५. मथुराप्रसाद श्रेष्ठ

| | |
|---|---|
| <u>नेकपा माओवादीका तर्फबाट</u> | <u>नेपाल सरकारका तर्फबाट</u> |
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।३।१ | मिति : २०६३।३।१ |

*[नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच मिती २०६३ आषाढ १ गते दोश्रो चरणको वार्तामा सहमति भई गठन गरेको युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितीको कार्यक्षेत्र र अधिकार व्यवस्था गर्न नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच मिती २०६३ आषाढ १२ गते बैठक भएको थियो । सो बैठकले देहाय बमोजिमको युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समितीको १७ बुंदे कार्यक्षेत्र र अधिकार तोकेको छ । सो कार्यक्षेत्र र अधिकारको पाठ देहाय बमोजिम रहेको छ ।]*

# युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार

नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच सहमति भइ मिति २०६३ असार १ गते गठन भएको राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार निम्नानुसार कायम गर्न नेपाल सरकार तथा ने.क.पा. (माओवादी) सहमत भएका छन्:-

१. २०६३ जेष्ठ १२ गते सरकारी वार्ताटोली र माओवादी वार्ताटोली वीच सहमति भै तयार गरिएको २५ बुँदे आचार संहितामा उल्लेखित विषयहरुको पालना भए नभएको बारे अन्तराष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।

२. शान्ति प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कही कतैबाट हुने कुनै पनि प्रकारको अभिव्यक्ति तथा क्रियाकलापको अनुगमन गरी सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।

३. बुँदा नं. १ र २ अनुसार अनुगमन गर्दा मिति २०६२ मंसिर ७ गते सात राजनीतिक दल र ने.क.पा.( माओवादी) बीच भएको बाह्रबुँदे समझदारी तथा मिति २०६३ असार २ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको आठ बुँदे सहमतिको भावना तथा भविष्यमा हुने सहमतिलाई समेत आधार बनाउने ।

४. अनुगमनको क्रममा युद्धविराम र त्यसको आचार संहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानविन र अनुसन्धान गर्ने एवं आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्ने ।

५. अनुसन्धान र छानविन गर्ने क्रममा घटना घटेको जुनसुकै स्थान वा ठाउँमा विना अवरोध आवत जावत गर्ने, सम्बन्धित स्थानको स्थलगत निरीक्षण गर्ने, सोधपुछ गर्ने र प्रमाण संकलन गर्ने । यस कार्यका लागि दुवै पक्षले अनुगमन टोलीलाई सुरक्षाको प्रत्याभूति दिने ।

६. राष्ट्रिय अनुगमन समितिको प्रतिवेदन माथि छलफल गर्न र कार्यान्वयन गराउन नेपाल सरकारको वार्ताटोली र ने.क.पा. (माओवादी) को वार्ताटोलीले एक संयुक्त समिति गठन गर्ने ।

७. अनुसन्धान, छानविन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन नेपाल सरकार र ने.क.पा.(माओवादी) का प्रतिनिधिहरु रहेको उक्त संयुक्त समिति समक्ष प्रस्तुत गर्ने । यस्तो संयुक्त समिति नबनुन्जेल अनुगमन समितिले दिने सिफारिश तथा प्रतिवेदन अनुगमन समितिका संयोजकमार्फत दुवै पक्षका वार्ता टोलीका संयोजकलाई बुझाउने । अनुगमन सम्बन्धी आवधिक एवं अन्य प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

८. अनुगमन समितिको प्रतिवेदन बुझ्ने र सो कार्यान्वयन गर्न गराउन गठन हुने संयुक्त समितिमा दुवै पक्षको सहमतिमा तय भए बमोजिम सदस्यहरु रहने । यस संयुक्त समितिले राष्ट्रिय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनहरु उपर छलफल गर्ने र कार्यान्वयनका विषयमा सहमति कायम गर्ने । संयुक्त समितिमा रहेका दुवै पक्षले आ-आफ्नो पक्षबाट प्रतिवेदनका सुझावहरु कार्यान्वयन गराउने । संयुक्त समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने ।

९. राष्ट्रिय अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिहरु तथा स्थानीय अनुगमन टोलीहरु गठन गर्न सक्ने ।

१०. राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने । सो कार्यविधिको अनुमोदन दुवै पक्षको वार्ताटोलीले गर्ने ।

११. राष्ट्रिय अनुगमन समितिलाई नेपाल सरकारले आवश्यक पर्ने कार्यालय, प्रशासनिक, आर्थिक तथा अन्य साधन स्रोत उपलब्ध गराउने ।

१२. सबै राजनीतिक दलहरुका स्थानीय निकायहरु र मानव अधिकारवादी, नागरिक समाज लगायत सम्बद्ध सबै पक्षबाट अनुगमन कार्यमा सहयोग लिने ।

१३. मानव अधिकार सम्बद्ध विषयहरुको अनुगमनमा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिने ।

१४. संविधान सभाको निर्वाचन पछि बन्ने संविधान लागु हुने मितिसम्म राष्ट्रिय अनुगमन समिति कार्यरत रहने ।

१५. राष्ट्रिय अनुगमन समितिको केन्द्रीय कार्यालय काठमाडौंमा रहने र नेपाल सरहदभित्र आवश्यकतानुसार अन्य कार्यालय स्थापना गर्न सकिने ।

१६. राष्ट्रिय अनुगमन समितिले गरेका काम कारवाहीहरु अभिलेखका रुपमा सुरक्षित राखिने ।

१७. यो समितिको कार्यक्षेत्र र अधिकारमा आवश्यकतानुसार दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

<u>ने.क.पा. (माओवादी) का तर्फबाट</u>
संयोजक : कृष्णबहादुर महरा
हस्ताक्षर :
मिति : २०६३।३।१२

<u>नेपाल सरकारका तर्फबाट</u>
संयोजक : कृष्णप्रसाद सिटौला
हस्ताक्षर :
मिति : २०६३।३।१२

# शान्ति वार्ता पर्यवेक्षकको काम, कर्तव्य र अधिकार

नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको मिति २०६३ साल असाढ १ गते बिहिवारका दिन ललितपुरमा भएको शान्ति वार्ताद्धारा तोकिनु भएका शान्ति-वार्ताका पर्यवेक्षकहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

१. औपचारीक शान्ति वार्ताका दौरान साक्षीका रुपमा वार्तास्थल भित्रै उपस्थित रहने ।
२. सम्पन्न निर्णयहरुको प्रतिलिपीहरु प्राप्त गरी त्यस्ता कागजात अद्यावधिक गर्दै जाने ।
३. वार्तारत कुनै एक पक्षलाई वार्ताको क्रममा वा वार्तास्थल भन्दा अन्यत्र कुनै स्थानमा पक्षपोषण गर्ने वा आफ्नो कुनै विचार थोपर्ने वा लाद्ने कार्य नगर्ने ।
४. समदूरीको सिद्धान्तलाई अवलम्बन गरी दुवै वार्तारत पक्षहरुबीच समान दूरीको सम्वन्ध कायम राख्ने ।
५. वार्तारत दुवै पक्षहरुले संयुक्त रुपमा वार्ताको कुनै जटिल पक्षका बारेमा सुझाव मांग भइ आएमा द्वन्द्व व्यस्थापन तथा शान्ति वार्ताका स्थापित मूल्य-मान्यता एवम अन्यत्र प्रयोग गरिएका सफलतम अभ्यास अनुकूल हुने गरी त्यस्तो मांग भएको सुझाव प्रदान गर्ने ।
६. शान्ति सचिवालय तथा वार्तारत दोश्रो पक्षको शान्ति इकाइको समेत समन्वयमा सम्पन्न भएका निर्णयहरुको कार्यान्वयनको पर्यवेक्षण कार्य गर्ने ।
७. शान्ति वार्ता सम्बन्धी विषयहरुमा गोपनियता कायम राख्ने । शान्ति वार्ताका क्रममा वा अन्यत्र शान्ति वार्ता सम्बन्धमा भए-गरेका कार्यउपर शान्ति वार्तालाई असर पुग्ने गरी मिडियामा वा अन्यत्र कुनै सार्वजनिक टिका-टिप्पणी नगर्ने ।
८. शान्ति वार्ताको सफलताका लागि वार्तारत पक्षहरुले तय गरेका आधारभूत वार्ता- नियम तथा पर्यवेक्षणका सम्बन्धमा सम्पन्न गरिएका निर्णयहरुको परिपालना गर्ने ।
९. पर्यवेक्षणका लागि तोकिएका सबै सदस्यहरुले सामूहिक भावनाले अभिप्रेरित भई सामुहिक जिम्मेवारीका आधारमा आफ्नो कार्य सम्पादन गर्ने ।
१०. शान्ति प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले गठित शान्ति समिति एवम प्राविधिक कार्यटोलीहरुसंग आवश्यक विषयहरुमा सल्लाह परामर्श गर्ने ।

*[उपरोक्त बमोजिमको युद्धविराम आचार संहिता राष्ट्रिय अनुगमन समिती र वार्ता पर्यवेक्षक टोलीको पदाधिकारीहरु र गठन प्रक्रियालाई नेपाल सरकारमा अनुमोदनको लागि प्रस्तुत गरिएको मा नेपाल सरकार ( मन्त्रिपरिषद) को मिती २०६३ आषाढ ३२ गते को बैठकले अनुमोदन गरेको थियो । ]*

**शान्ति बिना विकास सम्भव छैन, सबै मिली देशमा शान्ति कायम गरौं**

# अन्तरिम संविधान मस्यौदा समिती

*[नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच प्रधानमन्त्री निवास, बालुवाटारमा मिती २०६३ आषाढ २ गते का दिन भएको तेश्रो चरणको वार्ताले पन्ध्र दिन भित्र अन्तरिम संविधानको मस्यौदा तयार गर्न सहमति भई अन्तरिम संविधान मस्यौदा समिति गठन गरेको थियो । सो सहमति पत्रको पाठ देहाय बमोजिम रहेको छ ।]*

## नेपाल सरकार र ने.क.पा. माओवादीबीच प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न तेस्रो वार्ताको सहमति

नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच निम्नलिखित सहमति भएको छ :-

२०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेका जनअधिकार, सात राजनीतिक दल र ने.क.पा.( माओवादी) बीच सम्पन्न १२ बुँदे समभ्रुदारीमा व्यक्त प्रतिवद्धता र अहिलेको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरु सुनिश्चित गर्दै मिति २०६३।२।१२ मा नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच सहमति भएको आचार संहिताको प्रस्तावनाको भावना अनुरुप अन्तरिम संविधानको मस्यौदा तयार गर्न निम्न प्रकार अन्तरिम संविधान मस्यौदा समिति गठन गरिएको छ-

| | |
|---|---|
| १. संयोजक | लक्ष्मणप्रसाद अर्याल |
| २. सदस्य | हरिहर दाहाल |
| ३. सदस्य | सिन्धुनाथ प्याकुरेल |
| ४. सदस्य | शम्भु थापा |
| ५. सदस्य | महादेव यादव |
| ६. सदस्य | खिमलाल देवकोटा |

समितिले १५ दिनभित्र मस्यौदा तयार गरी सरकार-माओवादी वार्ताटोलीसमक्ष प्रस्तुत गर्नेछ र वार्ता टोलीले सरकार-माओवादी शिखर वार्ताको निर्देशानुसार सरकार-माओवादी शिखर वार्तामा मस्यौदा पेश गरिनेछ ।

नेकपा माओवादीका तर्फबाट

संयोजक : कृष्णबहादुर महरा

हस्ताक्षर :

मिति : २।३।२०६३

नेपाल सरकारका तर्फबाट

संयोजक : कृष्णप्रसाद सिटौला

हस्ताक्षर :

मिति : २।३।२०६३

*[उपरोक्त बमोजिम नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच प्रधानमन्त्री निवास, बालुवाटारमा भएको वार्ताले पन्ध्र दिन भित्र अन्तरिम संविधानको मस्यौदा तयार गर्न सहमति भई अन्तरिम संविधान मस्यौदा समिति गठन गरेकोमा समितीले पुर्णता नपाएको र समितीका सदस्यहरुले नियुक्ति पत्र प्राप्त गर्न ढिला भएको हुंदा समितिले आफनो कार्यको प्रारम्भ २०६३ आषाढ २१ गतेबाट मात्र गर्न सकेको थियो । यसैक्रममा नेपाल सरकार वार्ताटोली र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को वार्ताटोलीको मिति २०६३ आषाढ ३१ गतेका दिन शान्ति सचिवालय, सिंहदरबारमा बसेको संयुक्त निर्णयानुसार समितिको म्याद दश दिन थप भएको र १० जना सदस्यहरु थप गर्ने निर्णय भएकोछ । सो सहमति पत्रको पाठ देहाय बमोजिम रहेको छ ।]*

# प्रेस विज्ञप्ति

आज मिति २०६३।३।३१ गते शनिवारका दिन नेपाल सरकार र ने.क.पा. माओवादीका बीच बसेको बैठकले गरेको निर्णय अनुसार अन्तरिम संविधान मस्यौदा समितिमा देहायका सदस्यहरु थप गरिएको छ :

| | | |
|---|---|---|
| १. | श्री अग्नि खरेल | सदस्य |
| २. | श्री पुष्पा भुसाल | सदस्य |
| ३. | श्री सुशीला कार्की | सदस्य |
| ४. | श्री छत्र कुमारी गुरुङ० | सदस्य |
| ५. | श्री शान्ता राई | सदस्य |
| ६. | श्री सुनील प्रजापति | सदस्य |
| ७. | श्री पर्शुराम झा | सदस्य |
| ८. | श्री चण्डेश्वर श्रेष्ठ | सदस्य |
| ९. | श्री कुमार योञ्जन तामाङ० | सदस्य |

मस्यौदा समितिले कार्य सम्पन्न गर्ने अवधि १० दिन थप गरि कार्य प्रारम्भ गरेको मिति २०६३ असार २१ गतेबाट २५ दिन कायम गरिएको छ । समितिमा एक जना दलित अधिवक्ता समेतको प्रतिनिधित्व गराइने सहमति भएको छ । यसैगरि सात दल र ने.क.पा. माओवादीका शीर्षनेताहरुको बैठक आगामी साउन ५ गते आयोजना गरिने सहमति भएको छ । वार्ताको क्रममा वार्ताका पर्यवेक्षकहरुको उपस्थिति समेत रहेको थियो ।

| नेकपा माओवादीका तर्फबाट | नेपाल सरकारका तर्फबाट |
|---|---|
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।३।३१ | मिति : २०६३।३।३१ |

**आपसी सद्भाव र विश्वास बढाऔं, शान्ति वार्ता बिथोलिने कार्य नगरौं**

*[नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बिच शान्ति सचिवालय, सिंहदरबारमा मिती २०६३ आषाढ ३१ गते का दिन भएको बैठकले अन्तरिम संविधान मस्यौदा समितिलाई पूर्णता प्रदान गरेकोमा समितीको सदस्यमा दलित अधिवक्ताको नियुक्ति गर्न ढिला भएको हुंदा सो सदस्यको नियुक्ति नेपाल सरकार वार्ता टोली र ने.क.पा. माओवादीको वार्ता टोलीको मिती २०६३ श्रापण १४ गतेको बैठकले श्री मीन बहादुर विश्वकर्मालाई नियुक्त गरेको थियो । सो सहमति पत्रको पाठ देहाय बमोजिम रहेको छ । ]*

# प्रेस विज्ञप्ति

आज मिति २०६३।४।१४ गते आइतवारका दिन नेपाल सरकार र ने.क.पा.(माओवादी) का बीच बसेको बैठकले गरेको निर्णयानुसार अन्तरिम संविधान मस्यौदा समितिको सदस्यमा श्री मीन बहादुर विश्वकर्मा, धरान सुनसरीलाई थप गरिएको छ । साथै मस्यौदा समितिले आगामी श्रावण २४ गते अन्तरिम संविधानको मस्यौदा वार्ताटोली समक्ष प्रस्तुत गर्ने गरि सो समितिको कार्य अवधि थप गरिएको छ ।

| नेकपा माओवादीका वार्ताटोलीका तर्फबाट | नेपाल सरकारका वार्ताटोलीका तर्फबाट |
| --- | --- |
| नाम : कृष्णबहादुर महरा | नाम : कृष्णप्रसाद सिटौला |
| दस्तखत : | दस्तखत : |

# सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शिर्ष नेताहरु बिच भएको आठ बुंदे समझदारीपत्रको प्रेस वक्तव्य

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ । बैठकमा सहमति भएका बुँदाहरु निम्नप्रकार छन-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचार संहितालाई दृढता र इमान्दारीताका साथ कार्यान्वयन गर्ने ।

२. प्रतिश्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै तदनुरुप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने ।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्र संघलाई अनुरोध गर्ने ।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरुको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरुप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरु विघटन गर्ने ।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरुमा सहमतिका आधारमा निर्णय लिने ।

६. नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभाव विना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने । निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने ।

७. संविधान सभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरुको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नसंरचना गर्ने । लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्ने ।

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरुसंग सम्बन्धित सबै कार्यहरु अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ ।

नेकपा (माओवादी) को तर्फबाट

प्रचण्ड
अध्यक्ष
नेकपा (माओवादी)

सात राजनीतिक दलको तर्फबाट

श्री गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री तथा सभापति
नेपाली कांग्रेस

श्री माधव कुमार नेपाल
महासचिव

नेकपा (एमाले)

श्री शेर बहादुर देउवा
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)

श्री अमिक शेरचन
उप-प्रधानमन्त्री तथा
अध्यक्ष जनमोर्चा नेपाल

श्री नारायणमान विजुक्छे
अध्यक्ष
नेपाल मजदूर किसान पार्टी

श्री भरत विमल यादल
उपाध्यक्ष
नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

श्री प्रभुनारायण चौधरी
मन्त्री तथा अध्यक्ष
बाममोर्चा नेपाल

मिति : २०६३।०३।०२ गते ।

# संयुक्त राष्ट्र संघ समक्ष नेपाल सरकारव्दारा प्रेषित पांच बुंदे पत्र

*[अगस्त ९, २००६ मा प्रेषित सो पत्रको पाठ देहाय बमोजिम रहेको छ ।]*

Excellency,

I have the honour to refer to my latter dated July 2, 2006 requesting the cooperation of the United Nations in the ongoing peace process in Nepal. In this context, I am happy to acquaint you that United Nations team, which left Kathmandu a week ago, held extensive yet fruitful consultations with all concerned stakeholders of peace process here in Nepal. The UN team, as I understand, is likely to submit its report to you on Nepal.

In the mean time, Excellency, I wish to inform you that further to the Eight-Point Understanding between the Seven Party Alliance (SPA) and the Communist Party of Nepal (Maoist) (CPN-M) of June 16, 2006 and the commitment expressed by the Government of Nepal (GON) to the Agreement, the GON and the CPN-M hereby request the United Nations to provide its assistance as follows with a view to creating a free and fair atmosphere for the election of a Constituent Assembly and the entire peace process:

1. Continue its human rights monitoring through the Office of the High Commissioner for Human Rights in Nepal (OHCHR, Nepal)
2. Assist the monitoring of the Code of Conduct during the Ceasefire.
3. On the basis of the agreement to seek UN assistance in the "the management of arms and armed personnel of both the sides", deploy qualified civilian personnel to monitor and verify the confinement of CPN-M combatants and their weapons within designated cantonment areas. Later the modalities for all arrangements, including of arms and munitions, will be worked out among the parties and the UN.
4. Monitor the Nepal Army to ensure that it remains in its barracks and its weapons are not used for or against any side. The modalities will be worked out among the parties and the UN.
5. Provide election observation for the election of the Constituent Assembly in consultation with the parties.

Please accept, Excellency, the assurances of my highest consideration.

(G.P.Koirala)

Excellency Kofi A. Annan
Secretary General,
United Nations, NY
United States of America

# संयुक्त राष्ट्र संघ समक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी) व्दारा प्रेषित पांच बुंदे पत्र

*[अगस्त ९, २००६ मा प्रेषित सो पत्रको पाठ देहाय बमोजिम रहेको छ ।]*

Excellency,

I have the honour to refer to my letter dated July 24, 2006 requesting the cooperation of the United Nations in the ongoing peace process in Nepal. In this context, I am happy to acquaint you that United Nations team, which left Kathmandu a week ago, held extensive yet fruitful consultations with all concerned stakeholders of peace process here in Nepal. the UN team, as I understand, is likely to submit its report to you no Nepal.

In the mean time, Excellency, I wish to inform you that further to the Eight-Point Understanding between the Seven Party Alliance (SPA) and the Communist Party of Nepal (Maoist) (CPN-M) of June 16, 2006 and the commitment expressed by the Government of Nepal (GON) to the Agreement, the GON and the CPN-M hereby request the United Nations to provide its assistance as follows with a view to creating a free and fair atmosphere for the election of a constituent assembly and the entire peace process:

1. Continue its human rights monitoring through the Office of the High Commissioner for Human Rights in Nepal (OHCHR, Nepal)
2. Assist the monitoring of the Code of Conduct during the Ceasefire.
3. On the basis of the agreement to seek UN assistance in the "the management of arms and armed personnel of both the sides", deploy qualified civilian personnel to monitor and verify the confinement of CPN-M combatants and their weapons within designated cantonment areas. Later the modalities for all arrangements, including of arms and munitions, will be worked out among the parties and the UN.
4. Monitor the Nepal Army to ensure that it remains in its barracks and its weapons are not used for or against any side. The modalities will be worked out among the parties and the UN.
5. Provide election observation for the election of the Constituent Assembly in consultation with the parties.

Please accept, Excellency, the assurances of my highest consideration.

| | |
|---|---|
| Excellency Kofi A. Annan | (Prachanda) |
| Secretary General, | Chairman, |
| United Nations, NY | Central Committee |
| United States of America | CPN (Maoist) |

# सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शिर्ष नेताहरु बिच भएको सहमतिको प्रेस वक्तव्य

सात दल र ने.क.पा.(माओवादी) का शीर्ष नेताहरुको बैठक आज २०६३।६।२४ गतेका दिन प्रधानमन्त्री निवास बालुवाटारमा बस्यो । बैठकले निम्नलिखित सहमति गरेको छ ।

१. हतियार व्यवस्थापन र मूलभूत राजनीतिक विषय लगायतका अन्तरिम संविधान अन्तर्गत उठेका प्रश्नहरुमा छलफल गरी सहमतिका बुँदाहरु तयार गर्ने गृहकार्य पूरा गर्न सरकार माओवादी वार्ता टोलीलाई जिम्मा दिने । टोलीले उक्त सहमति यहि २६ गते दिउँसो २ बजे आठ पार्टीका शीर्ष नेताहरुको बैठकमा प्रस्तुत गर्ने ।

२. यहि असोज मसान्त भित्र सरकारले निर्वाचन आयोग गठन गरिसक्ने र संविधानसभाको निर्वाचन २०६४ बैशाख/जेष्ठ महिना भित्रमा सम्पन्न गर्ने गरी तयारी गर्न आयोगलाई सुझाव दिने । अन्तरिम मन्त्रिपरिषद् गठन भएपछि संविधान सभाको निर्वाचनको मिति तोक्ने ।

| | |
|---|---|
| ................................ | ................................... |
| कृष्णबहादुर महरा | कृष्णप्रसाद सिटौला |
| संयोजक | संयोजक |
| ने.क.पा.(माओवादी) वार्ता टोली | नेपाल सरकार वार्ता टोली |

२०६३/६/२६

# सात राजनितिक दल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शिर्ष नेताहरु बिच भएको सहमतिको प्रेस वक्तव्य

सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठक आज मिति २०६३।६।२६ का दिन प्रधानमन्त्री निवास बालुवाटारमा बस्यो । छलफल सौहाद्रैपूर्ण रुपले र सकारात्मक दिशामा अगाडि बढिरहेको तथा सहमतिमा पुग्न थप केही समयको आवश्यकता सबै पक्षबाट महसुस भएकोले आगामी बैठक असोज २९ गते दिउँसो २ बस्ने निर्णय भएको छ ।

| | |
|---|---|
| कृष्णबहादुर महरा | कृष्णप्रसाद सिटौला |
| संयोजक | संयोजक |
| ने.क.पा.(माओवादी) वार्ता टोली | नेपाल सरकार वार्ता टोली |

# परिशिष्टहरु

## परिशिष्ट १.

## शान्ति समिति

### १. शान्ति समितीको गठन

मुलुकमा दिगो शान्ति बहालीका लागि शान्ति प्रक्रियाका सम्बन्धमा आवश्यक कार्य गर्न र सरकारी वार्ता टोलीलाई आवश्यकतानुसार सुझाव दिने प्रयोजनका लागि नेपाल सरकार (मन्त्रिपरिषद) को मिती २०६३।२।२९ को निर्णयानुसार आफनो कार्यविधि आफै तय गर्न सक्ने गरि देहाय बमोजिमको एक शान्ति समिती गठन भएको छ।

| | | |
|---|---|---|
| माननीय श्री रामचन्द्र पौडेल | संयोजक | नेपाली कांग्रेस |
| माननीय श्री इश्वर पोखरेल | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| डा. श्री प्रकाश शरण महत | सदस्य | नेपाली कांग्रेस (प्रजातान्त्रिक) |
| श्री शशि श्रेष्ठ | सदस्य | जनमोर्चा नेपाल |
| माननीय श्री चित्र बहादुर केसी | सदस्य | जनमोर्चा नेपाल |
| श्री सुनिल प्रजापति | सदस्य | नेपाल मजदुर किसान पार्टी |
| माननीय श्री राजेन्द्र महतो | सदस्य | नेपाल सदभावना पार्टी (आनन्दीदेवी) |
| श्री ऋषिराम शर्मा कट्टेल | सदस्य | संयुक्त वाममोर्चा नेपाल |
| श्री खेमराज पण्डित | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| डा. श्री प्रकाशचन्द्र लोहनी | सदस्य | राष्ट्रिय जनशक्ति पार्टी |
| श्री जनकराज जोशी | सदस्य सचिव | शान्ति सचिवालय |

शान्ति समितिले आफनो कार्यालय शान्ति सचिवालय, सिंहदरवारमा स्थापना गरि कार्यको प्रारम्भ मिति २०६३।२।३० देखि गरेको छ। शान्ति समितीले सर्वसम्मत ढंगले देहाय बमोजिमको आफनो कार्यक्षेत्र पारित गरि सार्वजनिक गरेको छ।

### २. शान्ति समितिको कार्य क्षेत्र

१) मुलुकमा तात्कालिन, अल्पकालीन र दीर्घकालीन शान्ति कायम गर्न प्रयास गर्ने।

२) सरकार, राजनीतिक दलहरु र शान्ति वार्ता टोलीलाई शान्ति प्रकृया र शान्ति वहालीका लागि सुझाव दिने र शान्ति बहालीका निमित्त गरिने कामहरुका बिच समन्वय गर्ने।

३) जिल्ला र गाउं/नगरस्तरसम्म शान्ति अभियानहरु चलाउने, माओवादी पक्ष र नागरिक समाजसँग पनि छलफल गरी स्थानीय शान्ति परिषद्हरु (Peace Councils) गठन गर्ने। जनस्तरमा शान्ति वहाली र शान्ति प्रकृया प्रति सकारात्मक जनचेतना फैलाउन आवश्यक कार्य गर्ने। सरकार तथा राजनीतिक दलहरुबाट कार्य सम्पन्न गर्न सहयोग लिने र सरकारवालाहरुलाई सुझाव दिने।

४) शान्ति प्रकृयामा संलग्न सवै राजनीतिक दलहरु वीच शान्ति वहाली र शान्ति प्रकृयाका लागि आवश्यक वहस चलाई शान्तिलाई संस्थागत गर्न सम्बन्धित पक्षलाई सुझाव दिने ।

५) नागरिक समाज, संचार माध्यम, मानव अधिकारवादी, अन्तर्राष्ट्रिय समुदाय, जनप्रतिनिधिहरु, अनुगमन र पर्यवेक्षण टोलीका सदस्यहरु र विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुसँग शान्ति प्रकृया र दिगो शान्ति वहाली गराई नागरिकहरुलाई पूर्ण स्वतन्त्रताको प्रत्याभूति गराउने विषयमा अन्तरक्रिया गर्ने, वहस चलाउने, परामर्श गर्ने। परामर्शका निष्कर्षहरुलाई सुत्रबद्ध गरी सम्बन्धित पक्षहरुलाई सुझाव दिने।

६) युद्धविराम सम्झौता, मानव अधिकार सम्झौता, शान्ति सम्झौता एवं अन्य आवश्यक सम्झौताहरु र त्यस सम्बन्धी आचारसंहिता मस्यौदा गर्न सहयोग पुऱ्याउने र यस्ता सम्झौताहरुको प्रभावकारी अनुगमनका लागि आवश्यक सुझाव दिने।

७) द्वन्द्व प्रभावित समुदाय र व्यक्तिहरुको पुनर्स्थापना, पुनर्वास, आर्थिक सामाजिक एकीकरण तथा मेलमिलाप र सद्भाव बृद्धिका लागि आवश्यक नीति र कार्यक्रमहरु तर्जुमा गर्न सहयोग गर्ने एवं त्यसको कार्यान्वयनका लागि सरकारलाई सुझाव प्रस्ताव गर्ने।

८) हातहतियार व्यवस्थापन एवं सैन्य जवानहरुको आर्थिक - सामाजिक व्यवस्थापन, ध्वस्त सार्वजनिक भौतिक संरचनाहरुको पुननिर्माण एवं तीव्र आर्थिक पुनरुत्थान, पीडितहरुको लागि सत्य निरुपण तथा राष्ट्रिय मेलमिलाप जस्ता शान्ति वहालीको विविध क्षेत्रहरुमा अध्ययन अनुसन्धान गर्न उपसमितिहरु गठन गर्ने, विज्ञहरुको कार्यटोलीहरु बनाउने र ती उपसमिति, टोलीहरुले अध्ययन अनुसन्धान गरी दिएको प्रतिवेदनमा आवश्यक सुझाव सहितको प्रतिवेदन कार्यान्वयनका लागि सरकारलाई दिने।

९) अन्तरिम संविधान, संविधान सभाको संरचना, प्रकृया र संविधानको अन्तर्वस्तु वारे अध्ययन गर्ने, राजनीतिक दलहरु, नागरिक समाज लगायत विभिन्न पक्षहरुसँग छलफल गरी सुझाव दिने।

१०) दिगो शान्ति वहालीका लागि राज्यको पुनर्संरचना, नयाँ नेपालको स्वरुप तथा वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, सामाजिक एवं आर्थिक उत्पीडन हटाई आपसी सद्भाव वढाउँदै समावेशी लोकतान्त्रिक राज्य व्यवस्थाका विविध पक्षमा अध्ययन गर्ने, छलफल गर्ने, वहस चलाउने र सरोकारवालाहरुलाई सुझाव दिने ।

## ३. शान्ति समितिबाट सम्पादित कार्यहरु

१) शान्ति समितिको कार्यक्षेत्र निर्धारण गरि प्रकाशन,

२) सरकार, राजनीतिक दलहरु र शान्ति वार्ता टोलीलाई शान्ति प्रकृया र शान्ति वहालीका लागि सुझाव दिन र शान्ति बहालीका निमित्त गरिने अन्य कामहरुका बिच समन्वय गर्नका लागि विभिन्न भेटघाट, छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न,

३) जिल्ला र गाउं/नगरस्तरसम्म शान्ति अभियानहरु चलाउने, माओवादी पक्ष र नागरिक समाजसँग पनि छलफल गरी स्थानीय शान्ति परिषद्हरु (Local Peace Councils) गठन गर्ने प्रयोजनका लागि स्थानिय शान्ति परिषदको गठन र सोको कार्यविधि, २०६३ को मस्यौदा गरि नेपाल सरकारमा प्रस्तुत गरेकोमा नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिती २०६३ श्रावण १५ गते स्वीकृत,

४) शान्ति प्रकृयामा संलग्न सवै राजनीतिक दलहरुवीच शान्ति वहाली र शान्ति प्रकृयाका लागि सम्वन्धित पक्षलाई समय समयमा सुझाव,

५) नेपाल सरकार र ने.क.पा. माओवादीबिच हुनु पर्ने प्रस्तावित युद्धविराम सम्झौता, २०६३, मानव अधिकार सम्झौता, २०६३ को मस्यौदा तयार गरि वार्ता टोलीमा सुझावको रुपमा प्रस्तुत,

६) नेपाल सरकार र ने.क.पा.(माओवादी) बिच हुनु पर्ने प्रस्तावित राष्ट्रिय शान्ति सम्झौता, २०६३ को मस्यौदा उपर छलफल जारी ।

## परिशिष्ट २.
## शान्ति समितिका पदाधिकारीहरुको सम्पर्क

| सि.नं. | नाम, थर | टेलिफोन | मोवाइल |
|---|---|---|---|
| १ | माननीय श्री रामचन्द्र पौडेल | 4361644,4357828 | 9851013644 |
| २ | माननीय श्री ईश्वर पोखरेल | 4438919 | 9851099000 |
| ३ | डा. प्रकाश शरण महत | 4371526 | 9851035759 |
| ४ | श्री शशी श्रेष्ठ | 470457 -km\ofS;_, 4471605 -#/_ | 9841374550 |
| ५ | श्री सुनिल प्रजापति | 6610974,6610026, 6610725 | 9851078885 |
| ६ | माननीय श्री राजेन्द्र महतो | 4215117 | 9851060030 |
| ७ | श्री ऋषि शर्मा कट्टेल | 4355788 | 9851083013 |
| ८ | डा. श्री प्रकाशचन्द्र लोहनी | 4432732, 4431544 km\ofS; | 9851026375 |
| ९ | श्री खेम राज पण्डित | 4431655 | 9841297110 |
| १० | माननीय श्री चित्र वहादुर के.सी. | 4420226 | 9841347404 |

## परिशिष्ट ३.
## संस्थागत सम्पर्क

| | | | |
|---|---|---|---|
| 1= | श्री शान्ति समिति | ४२११०८९ | ४२१११८६ |
| 2= | श्री युद्वविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति | ४२१६८२३ | ४२१६८२४ |
| 3= | श्री नेपाली कांग्रेस | ५५५५२६३, ५५५५२६४ | ५५५५१८८ |
| 4= | श्री नेपाली कांग्रेस (प्रजातान्त्रिक) | ४३७७३३४ | ४३७७३३५ |
| 5= | श्री नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४२७८०८१, ४२७८०८२ | ४२७८०८४ |
| 6= | श्री जनमोर्चा नेपाल | ४२५१८४१ | ४२५१८४१ |
| 7= | श्री नेपाल मजदुर किसान पार्टी | ६६१०९७४ | ६६१३२०७ |
| 8= | श्री नेपाल सदभावना पार्टी (आनन्दीदेवी) | ४२१६१६२ | ४२१५११७ |
| 9= | श्री संयुक्त वाममोर्चा, नेपाल | ४४४३५८९ | ४४४३५८९ |
| 10= | श्री नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | | |
| 11= | श्री राष्ट्रिय प्रजातन्त्र पार्टी | ४४७१०७१ | ४४७१०७१ |
| 12= | श्री राष्ट्रिय जनशक्ति पार्टी | ४४३७०६३ | ४४३७०६४ |
| 13= | श्री जनमोर्चा नेपाल | ४२६१००४ | ४२६१००४ |
| 14= | श्री शान्ति सचिवालय (नेपाल सरकार) | ४२१११७२ | फ्याक्स नं.: ४२१११८६ |
| 15= | श्री वार्ता सचिवालय (ने.क.पा.माओवादी) | ०१६२२३३३३ | फ्याक्स नं. :४४८९२६२ |

## परिशिष्ट ४.
## सचिवालय सम्पर्क

| | | | |
|---|---|---|---|
| 16= | सचिव श्री जनकराज जोशी, | ४२१११८९ | फ्याक्स नं.: ४२१११८६ |
| 17= | सहसचिव श्री राम प्रसाद शर्मा, | ४२१११७६ | फ्याक्स नं.: ४२१११८६ |
| 18= | सहसचिव श्री रमेश कुमार शर्मा, | ४२११०९२ | फ्याक्स नं.: ४२१११८६ |

सबै नेपालीको एउटै चाहना, दिगो शान्ति विकास र सद्भावना